गाउँ जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## बैठक नं. ११

आज मिति २०८३ साल वैशाख २३ गते बुधबारका दिन विहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री तेज बहादुर रावल | सदस्य | —— |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | —— |
| १८. | श्री भानुभक्त भट्ट | सचिव | |

CamScanner

प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयनको समीक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

प्रस्ताव नं. २ :- खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनाको बजेट रकमान्तर सम्बन्धमा ।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथी छलफल गर्दा खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना, जानकी आयोजना कार्यान्वयन इकाई, दुर्गौली, कैलालीको चालु आ.व. २०८२/०८३ मा विनियोजित क्रियाकलापहरुमा रकम नपुग हुने भएकोले तपसिल बमोजिम बजेट रकमान्तरको लागि आयोजना व्यवस्थापन इकाई, पानी पोखरी, काठमाडौँलाई सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल:-

क्याटेगोरी ४ (आई.डि.ए. श्रोत)

ब.उ.शि.नं. : ३१३०१११७

आयोजना/कार्यक्रमको नाम : खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम

| क्र.सं. | क्रियाकलापको नाम | खर्च शिर्षक | बजेट विनियोजन | रकमान्तर | | रकमान्तर गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|
| | | | | बढाउने | घटाउने | |
| १. | जानकीनगर खानेपानी आयोजना | २६३३६ | ४,००,००,०००।- | | ६०,००,०००।- | विनियोजित रकम खर्च हुने नदेखिएको |
| २. | मुनुवा खानेपानी आयोजना | २६३३६ | ६,४०,००,०००।- | | २,२०,००,०००।- | विनियोजित रकम खर्च हुने नदेखिएको |
| ३. | मोतिनगर, पथरैया हजारी र अरुणोदय प्याकेज | २६३३६ | ४,००,००,०००।- | १,००,००,०००।- | | २ किस्ता मोविलाईजेसन खर्च लेख्न सकिने देखिएको |
| ४. | सुवर्णपुर, जगतपुर, अमौराअमौरी र धर्मापुर प्याकेज | २६३३६ | १,६०,००,०००।- | १,७५,००,०००।- | | २ किस्ता मोविलाईजेसन खर्च लेख्न सकिने देखिएको |
| ५. | सार्वजनिक/विद्यालय शौचालय निर्माण | २६३३६ | ८०,००,०००।- | ५,००,०००।- | | सम्झौता म्याद १ अप्रिल २०२६ मा सकिन लागेको तथा अन्ति IPC पेश हुन बाँकी |
| जम्मा | | | १६,८०,००,०००।- | २,८०,००,०००।- | २,८०,००,०००।- | |

प्रस्ताव नं. ३ :- बालविद्या मन्दिर आधारभूत विद्यालय, जानकी-५ लाई राहत उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस जानकी गाउँपालिका, वडा नं. ५ स्थित बालविद्या मन्दिर आधारभूत विद्यालयको स्टोरमा आगलागी भई राहतको लागि स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८३।०१।०४ गतेको निर्णयानुसार कार्यपालिका बैठकमा पेश हुन आएकोमा सो सम्बन्धमा आगलागी घटनाको प्रतिवेदनको आधारमा आवश्यक शैक्षिक सामाग्री तथा अन्य सामाग्री उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ४ :- सार्वजनिक सुनुवाई सम्बन्धमा ।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८२/०८३ मा हालसम्म भए गरेका कामकारबाहीको जानकारी गराउन, सेवाग्राहीको गुनासो/समस्या सम्बोधन गर्न र गाउँपालिकाको आन्तरिक सुशासन प्रवर्द्धन गर्नका लागि मिति २०८३/०२/०८ गते शुक्रबारका दिन सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।

०८२/१/२३
...मानभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८३।०१।२३
गणेश चौधरी
अध्यक्ष

CamScanner

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्सौली, कैलाली
सुदूरपश्चिम प्रदेश

**प्रस्ताव नं. ५ :- बालमैत्री स्थानीय शासन (CFLG) को सूचकहरुको प्रगति सम्बन्धमा ।**

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस जानकी गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक सूचकहरुको प्रगति समीक्षा गरियो र पुरा हुन नसकेका सूचकहरु समयमै पूरा गर्न जुन जुन शाखा/वडाले जे जे गर्नुपर्ने हो तदारुकताका साथ गर्न निर्देशन गरियो ।

**प्रस्ताव नं. ६ :- विषयगत समितिहरुको प्रगति समीक्षा सम्बन्धमा ।**

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका अन्तर्गतका ५ वटा विषयगत समिति (आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकास र वन, वातावरण तथा विपद् व्यवस्थापन) हरुले हालसम्म गरेका कार्यहरुको प्रगति समीक्षा गरियो र समितिहरुको भूमिकालाई थप सशक्त बनाउन विषयगत समितिका पदाधिकारीहरुलाई समितिको सक्रियता बढाउन निर्देशन गरियो ।

**प्रस्ताव नं. ७ :- आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा ।**

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको आगामी आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम मिति २०८३/०२/२१ गते बिहीबारका दिन बस्ने १८ औँ गाउँसभाको पहिलो बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :- कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा ।**

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको आधारमा कर्मचारी पुरस्कृत वा दण्डित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :- विद्यालय समायोजन तथा शिक्षक कर्मचारी दरबन्दी मिलान सम्बन्धमा ।**

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा जानकी गाउँपालिकाको विद्यालय समायोजन तथा शिक्षक कर्मचारी दरबन्दी मिलान कार्यविधि, २०७९ को दफा ४ बमोजिम न्यूनतम मापदण्ड पुरा नभएका सामुदायिक विद्यालयहरु समायोजनको लागि निवेदन माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० :- अनुदानमा घरायसी बायोग्याँस प्लान्ट, विद्युतीय चुल्हो र तह-३ को सुधारिएको चुल्हो वितरण कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथि छलफल गर्दा हरित जलवायु कोषको सहयोगमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रद्वारा सञ्चालित कार्यक्रम अन्तर्गत यस जानकी गाउँपालिका, स्थानीय उपभोक्ता, हरित जलवायु कोष र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको तपसिल बमोजिमको लागत साझेदारीमा खाना पकाउने स्वच्छ उर्जा प्रविधिहरु (घरायसी बायो ग्याँस प्लान्ट, विद्युतीय चुल्हो र तह-३ को सुधारिएको चुल्हो) वितरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल:-

| क्र.सं. | प्रविधिहरु | हरित जलवायु कोष | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र | जानकी गाउँपालिका | उपभोक्ता |
|---|---|---|---|---|---|
| १. | विद्युतीय चुल्हो | १०% | ४७.९७% | १९.०९% | २२.९४% |
| २. | तह-३ सुधारिएको चुल्हो | ४०% | ४०% | १५% | ५% |
| ३. | घरायसी बायोग्याँस प्लान्ट | २८.३४% | ४८% | १०% | १३.६६% |

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०१/२३
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. ११ :- शिक्षक कर्मचारी दरबन्दी मिलान सम्बन्धमा।

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत तपसिलका शिक्षक कर्मचारीहरुको तपसिल बमोजिम दरबन्दी मिलान गर्ने निर्णय गरियो।

तपसिल:

| सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुको दरबन्दी मिलान | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र. स. | शिक्षकको नाम, थर | तह | विषय | नियुक्ति को प्रकार | कार्यरत विद्यालयको नाम, ठेगाना | दरबन्दी मिलान गरिएको विद्यालयको नाम, ठेगाना |
| १ | सोम प्रसाद कठरिया | मा.वि. | विज्ञान | स्थायी | श्री आदर्श मा.वि. जानकी-२, खर्गौली | श्री जनता मा.वि. जानकी-४ कन्चनपुर |
| २ | सद्दाम हुसेन | मा.वि. | विज्ञान | राहत | श्री जनता मा.वि. जानकी-४ कन्चनपुर | श्री आदर्श मा.वि. जानकी-२, खर्गौली |
| ३ | ओमजंग शाह | प्रा.वि. | - | स्थायी | श्री राष्ट्रिय आ.वि. जानकी-५, अमौरी | श्री राष्ट्रिय आ.वि. जानकी-९, पाताभार |
| ४ | रिक्त | प्रा.वि. | - | स्थायी | श्री राष्ट्रिय आ.वि. जानकी-९, पाताभार | श्री राष्ट्रिय मा.वि. जानकी-५, अमौरा |
| ५. | कूल वहादुर चौधरी | प्रा.वि. | - | स्थायी | श्री राष्ट्रिय मा.वि. जानकी-५, अमौरा | श्री राष्ट्रिय आ.वि. जानकी-५, अमौरी |
| ६ | भक्त बहादुर बोहरा | प्रा.वि. | - | स्थायी | श्री राष्ट्रिय आ.वि. जानकी-२, खैरेनी | श्री जयपार्वति आ.वि. जानकी-२, परागिपुर |
| ७ | हिरा कुंमारी कुश्मी | वालविकास | - | करार | श्री जनता आ.वि. जानकी-९, अमरावती | श्री जनता मा.वि. जानकी-४ कन्चनपुर |
| ८ | रिक्त | वालविकास | - | करार | श्री जनता मा.वि. जानकी-४ कन्चनपुर | श्री जनता आ.वि. जानकी-९, अमरावती |
| ९ | रुपा तिरुवा | वालविकास | - | करार | श्री मुक्त कमैया वालसंरक्षण आ.वि. जानकी-३, लायकपुर | श्री वालामुक्ति आ.वि. जानकी-३, लायकपुर |

प्रस्ताव नं. १२ :- प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रमको अनुदान रकमको दर रेट निर्धारण सम्बन्धमा।

निर्णय नं. १२ :- प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाद्वारा सञ्चालित प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम (गहुँ बाली) को आ.व. २०८२/०८३ को लागि तपसिल बमोजिम अनुदान रकमको दर रेट निर्धारण गर्ने निर्णय गरियो।

तपसिल:-

१. ठूला किसान/कृषक – रु. २ (दुई)/प्रति के.जि.

२. मझौला किसान/कृषक – रु. २.५० (दुई रुपैयाँ पचास पैसा)/प्रति के.जि.

३. साना किसान/कृषक – रु. ३ (तीन)/ प्रति के.जि.

८२/९/२६

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०९/२६

गणेश चौधरी
अध्यक्ष

प्रस्ताव नं. १३ :- जानकी -६, जगतपुर, मन्दिर टोलमा रहेको बाटो छेउ तथा घर नजिक रहेका रुखहरु कटान, मुछान र घाटगद्दी गर्ने सम्बन्धमा ।

निर्णय नं. १३ :- प्रस्ताव नं. १३ माथि छलफल गर्दा जिल्ला विपद् व्यवस्थापन समिति, कैलालीको मिति २०८२/१२/२५ को निर्णय तथा डिभिजन वन कार्यालय, पहलमानपुर, कैलालीको प.सं. २०८२/०८३, च.नं. २०९९, मिति २०८३/०१/१७ गतेको पत्रानुसार सब-डिभिजन वन कार्यालय, टीकापुर, कैलालीको प्राविधिक सहयोगमा यस जानकी गाउँपालिका, वडा नं. ६, जगतपुर, मन्दिर टोलमा विपद्को दृष्टिकोणले जोखिम रहेका बाटो छेउ तथा घर नजिकका रुखहरु (असना-२, साल-५ र हल्दु-१) कटान, मुछान र घाटगद्दी गरी बिक्रि वितरण गर्ने र उक्त रुखहरु कटान गर्न लाग्ने खर्च जानकी गाउँपालिकाको विविध खर्च शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४ :- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको थप आयोजनाहरु स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. १४ :- प्रस्ताव नं. १४ माथि छलफल गर्दा आ.व २०८२।०८३ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका थप आयोजनाहरु स्वीकृत गर्ने र सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल:-

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | लिङ्गासैनी मन्दिर देखि दक्षिण अजय बहादुर मल्लको घर सम्म नाला सफाई | जानकी-२ | |
| २ | खैरेनी खानेपानी ठ्याङ्की नजिक धुम्रा कुला सरसफाइ | जानकी-२ | |
| ३ | जानकी-२ विभिन्न सडकहरुको किनारमा झारपात सरसफाई | जानकी-२ | |
| ४ | परागिपुर सिम्रनी कुलाको मुहान देखि झगरौवा सम्मको कुलो सरसफाई | जानकी-२ | |
| ५ | कोसमैया कुलाको इन्टेक देखि थपना र कोठियान कुला सम्म बाटो निर्माण | जानकी-४ | |
| ६ | अमौरी खडक चौधरीको घर देखि व्यवस्थितनगर जाने बाटोमा अवस्थित पुलको नाला मर्मत | जानकी-५ | |
| ७ | लट्कनिया त्रिवेणीचोक देखि मेवालालको घर सम्म नाली सरसफाई | जानकी-७ | |
| ८ | मकरीको झरन छेउमा आदित्य चौधरीको घर देखि गंगाराम चौधरीको खेत सम्म नयाँ बाटो विस्तार | जानकी-७ | |
| ९ | गौलौरी बजमरला देखि बन्दरैया नाला सम्म सडक छेउछाउमा नरकट सरसफाई/नाली सरसफाई | जानकी-७ | |
| १० | भोक्सी सिमल रुख हुदै भोक्सी चौराह सम्म नाला सफाई | जानकी-८ | |
| ११ | जानकी ८ र ५ को क्षेत्र भित्र भट्टा टोलको जुराहा कुला मर्मत | जानकी-८ | |

८२/०१/२३
भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८३/०१/२३
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. १५ :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यन्वयन गर्ने सम्बन्धमा ।

निर्णय नं. १५ :- प्रस्ताव नं. १५ माथि छलफल गर्दा पालिका तथा वडास्तरीय आयोजना/कार्यक्रम कार्यान्वयनको अवस्थाको समिक्षा र आवश्यकतालाई मध्यनजर गरी आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :-

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं.क्र.स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | कैफियत |
| १. | नीजि क्षेत्रसँग साझेदारी कार्यक्रम | १०,००,०००।- | २. | जनकल्याण आ.वि., जानकी-३, लायकपुरलाई विद्यालय व्यवस्थापन अनुदान | जानकी-३ | ३,००,०००।- | उपभोक्ता (सम्बन्धित विद्यालय) | साविकको आयोजनामा रु. ७,००,०००।- बाँकी |
| २. | जानकीनगर र बढरियाको बिचमा रहेको खुण्डि खोला चिहानमा ट्रष्ट निर्माण | २,५०,०००।- | ३. | जानकीनगर र बढरियाको बिचमा रहेको खुण्डि खोला चिहानमा ट्रष्ट निर्माण | जानकी-२ | २,५०,०००।- | कार्यालय/ सोझै खरिद | (कार्यान्वयन विधि उ.स. बाट सोझै खरिद संशोधन) |

०८३/१/२२
भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२०८३/०१/२३
गणेश चौधरी
अध्यक्ष